मितिः २०७८/०३/२५ (9th July, 2021)

# साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देश

## भिसिंग (Vishing) संग सम्बन्धित :

### क) भिसिंग (Vishing)के हो ?

भिसिंग (Voice + Phishing) एउटा भ्वाईस अथवा भी.ओ.आई.पी. (VoIP) मा आधारित Phishing Attack हो जसमा साइवर अपराधीहरुले सोसियल इन्जिनियरिंगको प्रयोग गरेर टेलिफोन वा मोबाइल वा Viber वा Messenger वा Whatsapp वा कुनै पनि अपरिचित नम्बरबाट फोन गरी हतार (Urgency) देखाई वा कुनै प्रलोभन वा डर धम्की देखाई, बैंक खाता वा क्रेडिट कार्ड वा पिन कोड आदिमा समस्या भएको जानकारी गराउँदै सहयोग गर्ने बहानामा कम्प्युटर वा मोबाइल प्रयोगकर्ताहरुको संवेदनशील व्यक्तिगत तथा वित्तीय विवरण, इमेल तथा पासवर्ड, पिन कोड, बैंकको खाता नम्बर आदि प्राप्त गर्ने, बैंकबाट आफ्नो खातामा रकम जम्मा गर्न लगाउने जस्ता प्रयासहरु गर्छन् र आफ्नो जालमा पार्न सफल पनि हुन्छन् ।

### ख. भिसिंग(Vishing)बाट बच्न के गर्ने ?

भिसिंगबाट बच्न निम्न उपायहरु अपनाऔं ।

१. अपरिचित नम्बरहरुबाट आउने फोन नउठाऔं । साथै त्यस्ता अपरिचित नम्बरहरुमा कल ब्याक(Call Back) पनि नगरौं।

२. झुक्किएर अपरिचित नम्बरबाट आएको फोन उठाउँदा त्यस्ता अपरिचित व्यक्तिहरुले हतारमा मागेको कुनै पनि विवरणहरु उपलब्ध नगराऔं| साथै उक्त फोनकल उपर कुनै शंका लागेमा तुरुन्तै उक्त फोनकल काटौं । उपरोक्त नम्बरहरुबारे प्राधिकरणको आधिकारिक इमेल info@nta.gov.np वा Complaint Handling System (https://complain.nta.gov.np/) मार्फत जानकारी गराऔं।

३. कुनै अपरिचित व्यक्तिबाट विभिन्न प्रलोभन (चिठ्ठा/उपहार, भिषा, सामाजिक सुरक्षा, Loan) देखाई आएको फोनकल वा भ्वाईस सन्देश (Voice Message) लाई विश्वास नगरौं र जवाफ नफर्काऔं।

४. कसैले आकस्मिक (Urgent) रुपमा फोन गरेर Bank Account /Credit Card Compromise भएको भनी सहयोग गर्ने बहानामा Password, OTP, Bank Account Number, PIN code तथा मोबाइलमा आएको कोड माग गर्दा त्यस्तो संवेदनशील विवरणहरु कसैलाई पनि नदिऔं।

५. कसैले पनि फोन मार्फत नागरिकता नम्बर, पासपोर्ट नम्बर, बीमा नम्बर, बैंक खाता नम्बर लगायतका Personally Identifiable Information (PII) हरु माग गर्दा उक्त विवरणहरु कसैलाई पनि उपलब्ध नगराऔं।

६. कसैले फोन वा भ्वाईस सन्देश मार्फत आफ्नो उपकरणको कुनै बटन (Button) थिच्न वा कुनै लिंकमा क्लिक(Click) गर्न सुझाए अनुसार कहिले कार्य नगरौं।

७. आफ्नो बैंकको वित्तीय विवरण, पिनकोड, पासवर्ड लगायतका कुनै पनि संवेदनशील विवरण चोरेको शंका लागेमा तत्काल पासवर्ड, पिनकोडहरु परिवर्तन गरौं र सम्बन्धित संस्था/बैंकलाई तत्काल जानकारी गराऔं।

८. अपरिचित व्यक्तिबाट आउने Scam Call लाई Block गर्न आधिकारिक वा विश्वासिलो एप (APP) को प्रयोग गरौं।

**Nepal Telecommunications Authority (NTA)**
**Cyber Security Task Force (NTACERT)**
**Jamal, Kathmandu, Nepal**
**Email: cert@nta.gov.np, URL: www.nta.gov.np**